लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

चलानी नं. : २०८०/८१/एलविविएल/सिईओओ/०८२ मिति : २०८०/०९/०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**बिषय : सोह्रौं वार्षिक साधारण सभा एवं शेयर दाखिल खारेज (बुक क्लोज)को जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०८०/०९/०४ गते अपरान्ह ४ वजे सम्पन्न सञ्चालक समितिको ४६३औं बैठकको निर्णयानुसार बैंकको सोह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : वि.सं. २०८० साल पौष २६ गते, बिहीबार (सन् ११ जनवरी २०२४)
समय : बिहान ११ : ०० बजे देखि
स्थान : अमृतभोग, कालिकास्थान, काठमाडौं ।

**लाभांश सम्बन्धमा यस अगावै प्रस्ताव भई तहाँ समक्ष जानकारी गराए बमोजिमको :**

| विवरण | प्रतिशत | रकम (रु) अंकमा | रकम (रु) अक्षरमा |
|---|---|---|---|
| नगद लाभांश * | ४.५०% (चार दशमलव पाँच प्रतिशत) | १५,२२,२६,९५७.८८ | अक्षरेपी पन्ध्र करोड बाईस लाख छब्बीस हजार नौ सय सन्तावन्न र पैसा अठासी मात्र । |
| बोनस शेयर | ४.००% (चार प्रतिशत) | १३,५३,१२,८५१.४५ | अक्षरेपी तेह्र करोड त्रिपन्न लाख बाह्र हजार आठ सय एकावन्न र पैसा पैतालीस मात्र । |
| कुल | ८.५०% (आठ दशमलब पाँच प्रतिशत) | २८,७५,३९,८०९.३३ | अक्षरेपी अट्ठाईस करोड पचहत्तर लाख उनान्चालीस हजार आठ सय नौ र पैसा तेत्तीस मात्र । |

(*नोट : नगद लाभांशमा, नगद लाभांश र बोनस शेयरमा लाग्ने कर समेत संलग्न रहेको)

**शेयर दाखिल खारेज (बुक क्लोज) सम्बन्धमा :**

वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०९/१७ गते (१) एक दिन बैंकको शेयरधनी दर्ता किताव बन्द गर्ने निर्णय गरिएको छ । शेयरधनी दर्ता किताव बन्द भएको मिति २०८०/०९/१७ गते भन्दा अगाडि अर्थात मिति २०८०/०९/१६ गते सम्ममा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा नियमानुसार कारोवार भई सि.डि.एस. एण्ड क्लियरिङ लिमिटेडवाट राफसाफ समेत भई प्रचलित नियमानुसार यस विकास बैंकको शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर नक्साल, काठमाडौंमा रहेको शेयरधनी दर्ता किताबमा अद्यावधिक भई कायम हुन आएका शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन र लाभांश प्राप्त गर्न योग्य हुनुहुन्छ ।

धन्यवाद ।

भवदीय,

Lumbini Bikas Bank Limited Head Office

..................
नरेश सिंह बोहरा
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव